नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

# जल तथा मौसम विज्ञान विभाग

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्तिः विश्व पानी दिवस, २०७८ (World Water Day 2022)

स्वच्छ पानीको महत्वलाई मध्यनजर गर्दै पानी सम्वन्धी जनचेतना अभिवृद्धि गर्नको लागि सन् १९९३ मार्च २२ का दिनदेखि हरेक वर्ष विश्वव्यापीरूपमा विश्व पानी दिवस (**World Water Day**) मनाइदै आएको छ। संयुक्त राष्ट्र संघले यस वर्षको विश्व पानी दिवस मनाउन **"Ground Water – Making the Invisible Visible"** को नारा तय गरेको छ जसको मूल ध्येय जलश्रोतको प्रमूख अवयव भूमिगत जलश्रोतको महत्वलाई विश्वभर उजागर गर्नु रहेको छ भने अर्कोतिर दिगो विकास लक्ष्य अन्तर्गत सन् २०३० सम्ममा सवैका निम्ति खानेपानी र सरसफाईको उपलव्धता तथा यसको दिगो व्यवस्थापन सम्वन्धी लक्ष्य प्राप्तिमा सहयोग पुर्याउने पनि रहेको छ। यस वर्षको विश्व पानी दिवस (**World Water Day 2022**) आज मिति २०७८ चैत्र ०८ गते **"अदृश्य भूमिगत जल, गरौं यसको उजागर"** भन्ने नाराका साथ नेपालमा पनि विविध कार्यक्रमहरु आयोजना गरी मनाईरहेको सन्दर्भमा जलविज्ञान र जलस्रोतको क्षेत्रमा काम गर्ने व्यक्तित्व, संघसंस्था र यस क्षेत्रसंग सरोकार राख्ने सम्पुर्णमा जल तथा मौसम विज्ञान विभाग हार्दिक शुभकामना व्यक्त गर्दछ।

भूमिगत जलश्रोतको प्राकृतिक अवस्थालाई प्रतक्ष्यरुपमा देख्न नसकिएता पनि यसको उपयोग र महत्वलाई विश्व समाजले प्रतक्ष्य अनुभव गरिरहेको यथार्थतालाई हामीले मनन गर्नु पर्ने देखिन्छ। भूमिगत जलश्रोत स्वच्छ पानीको एक प्राकृतिक भण्डार भएकोले यसको महत्व केवल आर्थिक पक्ष संग मात्र सिमित नभई मानव जीवनका महत्वपूर्ण

पक्षहरु: खानेपानी, धार्मिक, सांस्कृतिक र पर्यावरणीय जस्ता क्षेत्रहरुसंग समेत अन्योन्याश्रृत सम्वन्ध छ।

जनसंख्या बृद्धि, बढ्दो र अव्यवस्थित शहरीकरण, वन विनास लगायतका मानवीय क्रियाकलापहरुले सिमसार जस्ता प्राकृतिक जलभण्डारको भूमिगत जलश्रोतमा दवाव सृजना भइरहेको छ भने मानवश्रृजित क्रियाकलापहरुका कारण बढ्दो जलवायु परिवर्तनको नकारात्मक असरको थप दवाव समेत भूमिगत जलश्रोतमा परिरहेको छ। यस यथार्थलाई आत्मसाथ गर्दै भूमिगत जलश्रोत जस्तो अमूल्य सम्पदाको दिगो उपयोगको लागी सम्पूर्ण विश्वजगत एक ठाउँमा उभिनु पर्ने देखिन्छ।

नेपालको संबिधान, २०७२ अनुसार राष्ट्रिय हित अनुकुल तथा अन्तरपुस्ता समंन्यायको मान्यतालाई आत्मासात् गर्दै देशमा उपलब्ध प्राकृतिक श्रोतसाधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकुल दिगो रुपमा उपयोग गर्ने राज्यले नीति लिएको छ। त्यस्तै राष्ट्रिय जलश्रोत नीति २०७७ ले सम्भावना तथा आवश्यकता अनुसार सतह र भूमिगत जलश्रोतको संयोजनात्मक उपयोगका लागि प्राथमिकता दिने साथै भूमिगत जलस्रोतको पुनर्भरण हुने स्थानहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा भौतिक पूर्वाधार निर्माण, बस्ती विकास तथा हानिकारक पदार्थहरुको प्रयोगलाई नियन्त्रण गर्ने नीति लिएको छ। राष्ट्रिय जलश्रोत नीतिले लिएको महत्वपुर्ण कार्यनीति अनुरुप भूमिगत जलश्रोतको अत्यधिक दोहनलाइ नियन्त्रण गर्ने र भूमिगत जलश्रोतको सतह घट्न नदिनका लागि पुनर्भरण गर्ने व्यवस्था गर्न थप जिम्मेवार भइ कार्य गर्नु पर्ने देखिन्छ।

यस विश्व पानी दिवसले भूमिगत जलश्रोतको संरक्षण र दिगो बिकासको लागि सम्पूर्ण सरोकारवालालाई थप हौसला प्रदान गर्नेछ भन्ने विश्वास विभागले लिएको छ। सवैमा विश्व पानी दिवसको पुनः हार्दिक शुभकामना।

२०७८/१२/०८

राम प्रसाद अवस्थी

सूचना अधिकारी

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बबरमहल, काठमाडौं